**प्रशासन** असार २०८०, वर्ष ५५, अङ्क १, पूर्णाङ्क १३७, १-१३
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v55i1.56436
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# विप्रेषणको दुष्चक्र

**डा. गोपीकृष्ण खनाल***

## लेखसार

विदेशमा रहेका नेपाली कामदारले स्वदेशमा आफ्ना परिवारलाई पठाउने रकम अर्थात् विप्रेषण आयले नेपालको दिगो आर्थिक विकासमा गहिरो प्रभाव पारेको छ। तत्कालका लागि यसले घर परिवार तहको खर्च आवश्यकता जुटाई आय गरिबी घटाउन तथा औद्योगिक कच्चा पदार्थ आयातका लागि विदेशी मुद्राको सञ्चिति गर्न योगदान गरे तापनि यसले नेपालको अर्थतन्त्रमा दुरगामी प्रतिकूलता थपेको छ। अधिकांश युवा मुलुकबाहिर रहेकाले राजनीति र प्रशासनले मेहनत र त्यागको दबाब झेल्नु परेको छैन। नेपालको सर्वोपरि हितका लागि भने नेपालले यसको दुष्चक्रबाट मुक्त हुनैपर्दछ। यसको दुष्चक्रबाट मुक्त हुन सकिन्छ। तर यसका लागि नेपाली राजनीतिक तथा प्रशासनिक समाजले यथास्थितिबाट धेरै माथि उठेर ठुलै त्याग गर्न सक्नुपर्छ।

***शब्दकुञ्जीः*** *विप्रेषण, विप्रेषण आय, अर्थ राजनीति, वैदेशिक रोजगारी, उपभोग*

## १. विप्रेषण आयको वर्तमान अवस्था

विप्रेषण अर्थात् विदेशमा रहेका नेपाली कामदारहरूले नेपालमा रहेका घरपरिवारलाई पठाउने रकमले नेपालको अर्थतन्त्रलाई दूरगामी प्रभाव पारेको छ। अर्थ मन्त्रालयका अनुसार नेपालमा आर्थिक वर्ष २०७८/७९ मा करिब १० खर्ब रकम विप्रेषण आय भित्रिएको थियो जुन सो वर्षको नेपालको कुल गार्हस्थ उत्पादनको २०.४२ प्रतिशत हुन आउँछ। गत १० वर्षको तथ्याङ्कलाई आधार मान्दा नेपालमा कुल गार्हस्थ उत्पादनमा विप्रेषण आयको हिस्सा औसतमा २३ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०८०)। यो रकम नेपालको वैदेशिक सहायता रकम, निर्यात रकम, आन्तरिक राजस्व र वैदेशिक लगानीको रकमको आकारभन्दा बढी हो । आर्थिक सर्वेक्षण २०७९/८० अनुसार चालु खाता प्राप्तिमा विप्रेषण आप्रवाहको हिस्सा आर्थिक वर्ष २०७९/८० मा ६६.४२ प्रतिशत रहेको छ।

---

* *प्रमुख सचिव, कर्णाली प्रदेश*
*इमेलः gopikhanal@gmail.com*

२०७९ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या ५५ लाख २६ हजार ७०४ पुगेको छ जसमा महिलाको हिस्सा ५.६ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। यसलाई आधार मान्दा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिने जनसङ्ख्या नेपालको जनसङ्ख्याको करिव १९ प्रतिशत हुन आउँछ। राष्ट्रिय जनगणना २०७८ का अनुसार १५ लाख ५५ हजार ९६१ परिवारबाट २१ लाख ९० हजार ५९२ व्यक्तिहरू प्रायः विदेशमा बसोबास गर्दछन् (केन्द्रीय तथ्याङ्क विभाग, २०७८)। यीमध्ये अधिकांश वैदेशिक रोजगारीमै छन्। नेपालको कुल ६६ लाख ६६ हजार ९३७ परिवार सङ्ख्यामध्ये करिब २३ प्रतिशत परिवार विदेश जाने प्रवृत्तिबाट प्रभावित भएको देखिन्छ। हालसम्म वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १०० ओटा देशलाई खुला गरिएको छ (नेपाल सरकार,२०२२ )।२०७९ फागुनसम्म ९०० म्यानपावर कम्पनीले वैदेशिक रोजगारीको लागि श्रमिक पठाउने इजाजत लिएका छन्। आर्थिक वर्ष २०७९/८० को फागनुसम्म वैदेशिक रोजगारीको सिलसिलामा ७८९ नेपाली मृत्यु भएको छ (अर्थ मन्त्रालय, २०८०)। मलेसिया, कतार, साउदी अरब र युएई वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुक हुन्। वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारकोको तीन चौथाइभन्दा बढी स्वीकृति यिनै देशका लागि हुने गरेको छ। यसरी नेपालको ठुलो आर्थिक शक्ति अन्य देशमा उत्पादनमा संलग्न हुनुपरेको छ।

**तालिकाः वैदेशिक रोजगारीमा जाने कामदार, विप्रेषण आय र कुल गार्हस्थ उत्पादन**

| विवरण / आर्थिक वर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वैदेशिक रोजगारमा जाने कामदारको संख्या | ६१२०६७ | ६८४७२२ | ६६५५५६ | ६४०९८१ | ६४२८५९ | ६१२६८५ | ५०८८२८ | ३६८३७३ | १६६६८९ | ६३००८९ |
| विप्रेषण आय (रू अर्बमा) | ४३४.६ | ५४३.३ | ६१७.३ | ६६५.१ | ६९५.५ | ७५५.१ | ८७९.३७ | ८७५.०३ | ९६१.०५ | १००७.३१ |
| कुल ग्रार्हस्थ उत्पादन (रु अर्बमा) | १९४९.२९ | २२३२.५३ | २४२३.६४ | २६०८.१८ | ३०७७.१४ | ३४५५.९५ | ३८५८.९३ | ३८८८.७० | ४३५२.५५ | ४९३३.७० |

| विवरण / आर्थिक वर्ष | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल ग्रार्हस्थ उत्पादनमा विप्रेषण आयको हिस्सा (%) | २२.३० | २४.३४ | २५.४७ | २५.५० | २२.६० | २१.८५ | २२.७९ | २२.५० | २२.०८ | २०.४२ |
| वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेको सङ्ख्या | | ८७७ | १००६ | ८१६ | ७५६ | ८२१ | ७५४ | ६६१ | १२४२ | १३९५ |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (अमेरिकी डलरमा) | ८१४ | ८२४ | ८७१ | ८८८ | १०३९ | ११७७ | १२०४ | ११६७ | १२७७ | १३९९ |

*(आचार्य, २०८०, पृष्ठ १०४-१११) (अर्थ मन्त्रालय, २०८०)*

## २. विप्रेषण आयको योगदान

विप्रेषण आयले विदेशमा रहेका नेपाली कामदारको स्वदेशमा रहेका परिवारको आधारभूत खर्च आवश्यकताका लागि रकम उपलब्ध गराई घर परिवार तहको गरिबी घटाउन, विद्यालय भर्ना दर बढाउन र बजार केन्द्रको विस्तार गरी व्यावसायिक गतिविधि बढाउन सहयोग गरेको छ। यस रकमले नेपालमा वैदेशिक रकमको सञ्चिति कायम गर्न र केही हदसम्म नेपाली मुद्राको अन्तराष्ट्रिय मुद्रासँगको विनिमय दरमा व्यापक गिरावट आउनबाट जोगाएको छ। विप्रेषण आयको कारण ग्रामीण क्षेत्रमा रहेका कामदारका परिवार बजार क्षेत्र र जिल्ला सदरमुकाममा बसाइसराइ भई उनीहरूको शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाएको छ। विपन्न परिवारहरूको आर्थिक-सामाजिक सामर्थ्य बढाएको छ। सन् २०२१ गरिएको एक अध्ययनमा विप्रेषण आयको हरेक १० प्रतिशतको वृद्धिले गरिबी १.१ प्रतिशतले घट्ने देखिएको छ। नेपालमा विप्रेषण आय नपाउने घर परिवारभन्दा सो आय भित्रिने घर परिवार गरिबीको चक्रमा फस्ने सम्भावना २.३ प्रतिशतले कम हुने देखिएको छ (Byanjankar & Sakha, 2021)।

यस स्रोतको उपयोगबाट ग्रामीण क्षेत्रमा केही दशक पहिलेसम्म खर र माटोले छाएका घरहरूमा टिनका सुरक्षित छाना बढेका छन् र सडकको पहुँच भएको स्थानमा सिमेन्ट र इटाका पक्की घरको विस्तार


भएको छ। जनगणना २०७८ का अनुसार परिवारले बसोबासका लागि प्रयोग गरेका घरमध्ये ४१.९ प्रतिशतको छाना जस्ता वा टिनको; ३७.८ प्रतिशतको छाना सिमेन्टको; ९.२ प्रतिशत घरको छाना टायल, खपडा झिंगटीको; ६.१ प्रतिशतको ढुङ्गा स्लेटको; ३.९ प्रतिशतको घरको छाना खर वा छवाली वा परालको; ०.७ प्रतिशत घर माटोको छानाको; ०.३ प्रतिशतको छाना काठको फल्याकको र ०.१ प्रतिशतको अन्य सामग्रीको प्रयोग भई निर्माण भएको पाइएको छ। वि.सं. २०६८ सालमा २८.३ प्रतिशत परिवारको छाना टिन, च्यादर वा जस्ताबाट; २५.५ प्रतिशत परिवारको सिमेन्ट ढलानबाट र १९ प्रतिशत परिवारको घरको छाना खर/परालबाट बनेको देखिएको थियो (केन्द्रीय तथ्याङ्क विभाग, २०७८)। घरका छानाहरूको रूपान्तरणमा विप्रेषण आयको ठूलो योगदान रहेको छ।

## ३. विप्रेषण आयले थपेका चुनौतीहरू

नेपालको अर्थतन्त्रको दिगो विकासमा भने विप्रेषण आयले दूरगामी प्रतिकूलता थपिदिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार विप्रेषण आय र आर्थिक वृद्धिको बिचमा सिधा सम्बन्ध रहेको देखिन्न (अन्तर्राष्ट्रिय मुद्रा कोष, २०१८)।यो कुरा नेपालमा पनि लागु हुन्छ। अर्थ मन्त्रालयका अनुसार नेपालको प्रतिव्यक्ति आय १,३९९ अमेरिकी डलर रहेको छ जुन विश्वको मात्र होइन दक्षिण एसियाली औसतभन्दा समेत कम रहेको छ। विश्व बैंकका अनुसार अमेरिकी डलरमा सन् २०२१ मा नेपालको प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन १,२०८, चीनको १२,५५६.३, लाओसको २,५३५.६०, कम्बोडियाको १,६२५.२०, हाइटीको १,८२९.६०, इन्डोनेसियाको ४,३३२.७०, संयुक्त राज्य अमेरिकाको ७०,२४८.६०, मङ्गोलियाको ४,५६६.१० बेलायतको ४६,५१०.३०, भारतको २,२५७, मालदिभ्सको १०,३६६ र दक्षिण एसियाको औसतमा २,१५० रहेको छ (विश्व बैंक, २०२१)। सो बैंकका अनुसार प्रचलित मूल्यदरमा विश्वको औसत प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन सन १९९० मा ४५९.३ अमेरिकी डलरबाट वृद्धि भएर सन् २०२१ मा १२,२३६.६ पुगेको छ। नेपालको हकमा आर्थिक वर्ष २०६९/७० मा ८१४ अमेरिकी डलर प्रतिव्यक्ति आय रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १,३९९ पुगेको छ (नेपाल सरकार, २०८०)। १० वर्षको अवधिमा ५८५ डलर प्रतिव्यक्ति आय थपिएको छ। परिदृश्यमा हामीले गरिबको देशको रूपमा चित्रित भएका छौं।

नेपालको आन्तरिक उत्पादन, रोजगारी र कुल गार्हस्थ उत्पादनको आकारमा विप्रेषण आयले उल्टै परनिर्भरता बढाइदिएको छ। यसबाट उत्पादन नगरी उपभोग गर्ने प्रवृत्ति मौलाएको छ। त्यसले अर्थतन्त्रको संरचना नै परिवर्तन गरिदिएको छ। सन २०१८ मा गरिएको श्रमशक्ति सर्वेक्षण अनुसार कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या ५०.४ प्रतिशत रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०१९)। कुल गार्हस्थ उत्पादनमा आर्थिक वर्ष २०७८/७९ मा कृषि क्षेत्रको योगदान २४.७ प्रतिशत रहेको छ। अर्थतन्त्रमा कम योगदान गर्ने क्षेत्रमा जनसंख्याको आधा हिस्सा आबद्ध भएका छन्।

विप्रेषण आयले घरपरिवारको आधारभूत आवश्यकता पुरा हुने र ऊर्जाशील युवाहरू विदेशमा रहने भएकाले राजनीति र प्रशासनमा आर्थिक सुधारको दबाब कम हुन गई यी संरचनालाई यथास्थितिमा रमाउने बानी बसालिदिन्छ (अन्तर्राष्ट्रिय मुद्रा कोष, २०१८ )। नेपालमा राजनीति र प्रशासनमाथि युवाहरूले आफूले विदेशमा दुःख गरेर कमाएको आयमा बढी भर परेको आरोप लगाउने गरेका छन्। विप्रेषण आयमा भर परी मुलुकको वास्तविक आर्थिक भार बहन क्षमता विश्लेषण नगरी परिवर्तनको नाममा धान्न नसक्ने संरचना निर्माण गरी राज्यमाथि आर्थिक भार थपेको गुनासो समेत नेपाली राजनीतिले झेल्नु परेको छ। एउटै क्षेत्रमा मात्र निर्भर रहँदा त्यसले अर्थतन्त्रमा पार्ने नकारात्मक प्रभावलाई डच डिजिज भन्ने गरिन्छ। नेपालमा विप्रेषण डच डिजिज बन्ने खतरा रहेको छ ( विविसी, २०२२)। विप्रेषण आयले आय बढी भएका देशलाई झन् धनी बनाई मुलुक/मुलुकबिचको आय असन्तुलन बढाइदिन्छ। यसबाट आयमा धनी देशका मानिसलाई आम्दानी कम हुने कम सिपका क्रियाकलापबाट बढी आय दिने उच्च सिपका क्षेत्रमा आकर्षित गर्दछ (ADB, 2018)।





विप्रेषण आयले उपभोग बढाउने भएकाले नेपालको राजस्वमा समेत उपभोग र आयातमा आधारित स्रोतको हिस्सा बढी रहेको छ। अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुल राजस्वमा आयातमा आधारित करको हिस्सा ५०.५ प्रतिशत र आन्तरिकतर्फको कर राजस्वको हिस्सा ४०.५ प्रतिशत रहेको छ।




आन्तरिकतर्फको कर राजस्वमा योगदान गर्ने मूल्य अभिवृद्धि कर उपभोगमा आधारित कर रहेकाले यसमा पनि विप्रेषण आयकै प्रभाव रहेको छ। सङ्घीय राजस्व संरचनामा आर्थिक वर्ष २०७८/७९ मा भन्सार महसुलको हिस्सा २२.९ प्रतिशत, मूल्य अभिवृद्धि करको हिस्सा २३.७ प्रतिशत, अन्तःशुल्कको १४.८ प्रतिशत, आय करको २४.८ प्रतिशत, गैरकरको ८.७ प्रतिशत, र अन्यको ५ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०८०)। यसरी कर संकलनमा उपभोग र पैठारीको उल्लेखनीय प्रभाव रहेको छ।

नेपालमा आयात र विप्रेषण आय




(The World Bank, 2021)

त्यसैगरी हामीले विप्रेषण आयको जोखिमलाई विश्लेषण नगरी संरचना निर्माण गरेका छौं भने वृद्धि र विकास नगरी केवल राजनीतिक र प्रशासनिक संरचना खडा गरेर बस्ने प्रवृत्ति समेत बढ्दो छ ।यसबाट यथास्थितिवादी राज्य (Steady State) बन्ने खतरा समेत बढेको छ (खनाल, २०८०)। नेपाल जस्तो सानो देशमा अनगिन्ती आयोगहरू, समितिहरू, प्रतिष्ठानहरू, प्रशासनलाई गिजोलेर बस्ने विभिन्न किसिमका सल्लाहकारहरू, असंख्य मन्त्रालयहरू, कामविहीन विभागहरू, दुई सदनको सङ्घीय संसद, समानुपातिक निर्वाचन प्रणाली, जिम्मेवारीविहीन जिल्ला समन्वय समितिहरू, थरिथरिका प्राधिकरणहरू जस्ता संरचना आवश्यक हो वा होइन भन्ने बहस गर्ने बेला आएको छ। यसले चालु खर्च बढाई पुँजीगत खर्चलाई सङ्कुचन गर्दै लगेको छ। नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको १७ खर्ब ५१ अर्ब ३१ करोड बजेटमध्ये चालुतर्फ ६५.२० प्रतिशत, पुँजीगततर्फ १७.२५ प्रतिशत र ऋणको साँवा ब्याजका लागि विनियोजन हुने वित्तीय व्यवस्थातर्फ १७.५५ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०८०)।

राष्ट्रिय किताबखानाका अनुसार नेपालमा सङ्घमा ५३,१५०, प्रदेशमा १७,३२८ र स्थानीय तहमा ६५,५९१ गरी कुल १,३६,०६९ निजामती सेवाका दरबन्दी रहेका छन् जसमा ८५,७५५ कर्मचारीहरू कार्यरत छन् (राष्ट्रिय किताबखाना, २०७९)। नेपालको भौगोलिक संरचना र प्रविधिको अवस्थालाई विश्लेषण गर्दा सेवा प्रवाहको लागि सार्वजनिक कर्मचारीको यो सङ्ख्या अत्यन्तै न्यून रहेको छ। राजनीतिक विश्लेषकहरूले नेपालमा राजनीतिक संरचना भने राज्यको क्षमता र आवश्यकता बढी रहेको जनाएका छन्। जनप्रतिनिधिको सङ्ख्या गणना गर्ने हो भने जिल्ला समन्वय समिति र स्थानीय तहमा मात्रै ३७,७१३ जनप्रतिनिधि रहेका छन्। यसैगरी राष्ट्रिय सभामा ५९ जना, प्रतिनिधि सभामा २७५

जना, प्रदेश सभामा ५५० जनप्रतिनिधि रहेका छन् (नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, २०७७)। संविधानले एकातिर राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरेको छ भने अर्कोतिर राष्ट्रिय थारू आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति आयोगको समेत व्यवस्था गरेको छ। सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयमा कर्मचारीको कमी रहेको छ भने राजनीतिक प्रकृतिका संरचनाहरूमा अधिक संख्यामा रहेका छन्। यसले चालु खर्च बढाएको छ र पुँजीगत खर्चको आकारलाई सानो बनाएको छ।

विप्रेषण आयले उपभोगमा आधारित अर्थतन्त्र बढाएका कारण यसले व्यापार घाटा समेत बढाएको छ। आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्कलाई आधार मान्दा नेपालमा कुल गार्हस्थ उत्पादनमा कुल उपभोग खर्चको योगदान ९४.२० प्रतिशत र कुल गार्हस्थ बचतको हिस्सा ५.८० प्रतिशत रहेको छ। यो उपभोगमा विप्रेषण आयले इन्धनको काम गरेको छ। यसैगरी सोही आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादनमा आयातको हिस्सा ४२.६४ र निर्यातको हिस्सा केवल ६.७६ प्रतिशत रहेको छ (अर्थ मन्त्रालय, २०८०)। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ को अप्रिलमा प्रकाशन गरेको तथ्याङ्क अनुसार कुल गार्हस्थ उत्पादनमा नेपालको चालु खाता सन्तुलन ७.४ प्रतिशतले ऋणात्मक रहेको छ। अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० को फागुनसम्म नेपालको कुल वस्तु व्यापार घाटा ९ खर्ब ५३ अर्ब, ५९ करोड रहेको छ। यस अवधिमा वस्तु व्यापारमा निर्यातको अंश केवल ९ प्रतिशत मात्र रहेको छ। विप्रेषणले उपभोग बढाएको छ, उपभोगले आयात बढाएको छ र बढ्दो आयातले व्यवसायीहरू उद्योगभन्दा व्यापारमा आकर्षित भएका छन्। यसले औद्योगिक रोजगारीका अवसर घटाई हरेक वर्ष लाखौं युवाहरू रोजगारीका लागि विदेश जानु परेको छ। यो क्रम नरोकिएका कारण मुलुक विप्रेषणको माखेसाङ्लोमा फसेको छ।

**तालिका १ : कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको निर्यात र आयातको हिस्सा (प्रतिशतमा)**

| विवरण | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ | आ.व २०७८/७९ |
|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको निर्यातको हिस्सा | ७.८२ | ७.७८ | ६.८१ | ५.१२ | ६.७६ |
| कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको आयातको हिस्सा | ४०.६३ | ४१.४७ | ३४.११ | ३७.९३ | ४२.६४ |
| | | | | | *(अर्थ मन्त्रालय, २०८०)* |

विप्रेषण आयमाथिको अधिक निर्भरताले अर्थतन्त्रको आधारभूत प्रवृत्तिमा नै प्रतिकूल चरित्रलाई संस्थागत गरिदिएको छ। मानिसहरूमा सहर बजारमा घर बनाउने र बसीबसी खाने संस्कृतिको विकास गरेको

छ। बाटोमा, चौतारीमा, घर आँगनमा, कार्यालयमा, पसलमा यत्रतत्र कामभन्दा पनि गफ गरेर बस्ने विकृति मौलाएको छ। गाउँमा खेतीपाती गर्न छाडेका कारण सहर बजारमा, राजमार्ग आसपासमा घडेरी किनबेचको धन्दा मौलाएको छ। यसका कारण नेपालले खाद्यान्नमा समेत परनिर्भर देश बन्न पुगेको छ। काठमाण्डौं उपत्यका, काभ्रे उपत्यका, पोखरा उपत्यका, सुर्खेतको वीरन्द्रनगर, चितवनको राप्ती उपत्यका, पूर्व पश्चिम राजमार्ग आसपासका क्षेत्र आदि साविकका खेतीयोग्य स्थानहरूका खेतीयोग्य भूभाग मासिएका छन् वा मासिने चरणमा छन्। पुर्खाहरू अग्लो स्थानमा बसी सम्म ठाउँमा खेती लगाउँदथे। हामी खेत मासेर घर र बाँझो घडेरी फलाउने देशको रूपमा चिनिएका छौं।

विप्रेषण आयका कारण दलाल अर्थतन्त्र अर्थात् उत्पादन नै नगरी कमाउने बिचौलिया अर्थतन्त्र फस्टाएको छ। आज खेतीपाती वा उद्योग धन्दाभन्दा ढुङ्गा गिट्टीको व्यापार, जग्गा दलालीको व्यापार, सेयर दलालीको व्यापार र आयातको धन्दा फस्टाएको छ। प्रतिव्यक्ति आय १,३९९ डलर भएको देशमा मेचीदेखि महाकालीसम्म जमिनको मूल्य आकासिएको छ। यसले मेहनत नगरेर रातारात धनी हुने प्रवृत्ति मौलाएको छ। यसले राजनीतिलाई समेत विस्तारै प्रदूषित गर्दै लगेको छ।

एक अध्ययनमा विप्रेषण आयले दीर्घकालमा नेपालको आन्तरिक लगानी वृद्धिमा खासै योगदान नगरेको पाइएको छ (Chaudhari, 2022)। अर्को अध्ययनमा विप्रेषणले कृषि, वन र मत्स्यपालनमा आधारित उत्पादनलाई नकारात्मक प्रभाव पारेको देखाको छ (Chhetri, KC, & Dhakal, 2020)। विश्व बैंकले प्रकाशन गरेको तथ्याङ्कलाई आधार मानी प्रचलित मूल्यमा प्रतिव्यक्ति आय नेपालले प्राप्त गरेको वार्षिक कुल गार्हस्थ उत्पादनको नेपालमा भित्रिने विप्रेषण आयको हिस्सालाई विश्लेषण गर्दा विप्रेषण आयले प्रतिव्यक्ति आयवृद्धिमा योगदान गरेको देखिएन।

नेपालमा प्रति व्यक्ति आय र विप्रेषण आयबिचको सम्बन्ध

Dependent Variable: D(LGDP)
Method: Least Squares
Date: 06/27/23 Time: 12:47
Sample (adjusted): 1994 2021
Included observations: 28 after adjustments

| Variable | Coefficient | Std. Error | t-Statistic | Prob. |
|---|---|---|---|---|
| C | 0.075684 | 0.015055 | 5.027293 | 0.0000 |
| D(LREMIT) | -0.062681 | 0.046854 | -1.337787 | 0.1926 |

| | | | |
|---|---|---|---|
| R-squared | 0.064401 | Mean dependent var | 0.069602 |
| Adjusted R-squared | 0.028416 | S.D. dependent var | 0.077044 |
| S.E. of regression | 0.075942 | Akaike info criterion | -2.248947 |
| Sum squared resid | 0.149947 | Schwarz criterion | -2.153789 |
| Log likelihood | 33.48525 | Hannan-Quinn criter. | -2.219856 |
| F-statistic | 1.789673 | Durbin-Watson stat | 1.624964 |
| Prob(F-statistic) | 0.192551 | | |

*Note : Time Series Data from The World Bank. Dependent variable is per capita GDP in current price in US$ (DLGDP) and independent vaiable is remittance as a share of GDP in current price in US$(DLREMIT). The data are cleaned with log transformation in first difference . There are no issues of unit root, heteroscadasticity and serial correlation. Normality of data was checked with Jarque-Bera test in EViews.*

## ४. अबको बाटो

विप्रेषण आय माथिको परनिर्भरताबाट उन्मुक्ति पाउनका लागि राजनीति र प्रशासनले ठुलै परिश्रम गर्नुपर्छ। पछिल्लो चरणमा इन्डोनेसिया, भारत आदि देशहरूले लघु, घरेलु तथा साना उद्योगको व्यापक विस्तार गर्दै कठिन श्रमका लागि विदेश जानुपर्ने अवस्थामा निकै सुधार गरेका छन् (ADB, 2018)। विप्रेषणको पासोबाट छुटकारा पाउने उपाय भनेको लघु, घरलु तथा साना उद्योग र व्यवसायको विकास, विस्तार र यसको बजारीकरण हो। नेपालमा प्राङ्गारिक कृषिमा, पर्यटनमा, सेवा क्षेत्रमा, जलविद्युतमा र परम्परागत उद्योगमा तुलनात्मक लाभहरू लिने सम्भावना रहेका छन्। उदाहरणका लागि कर्णाली प्रदेशमा सुर्खेतबाट उपल्लो डोल्पा जाने सडक, रारा जाने सडक, हुम्लाको लिमी उपत्यका जाने सडकलाई कम्तीमा बनेपा-बर्दिबासको स्तरको मात्रै बनाउने सके कैलाश-मानसरोबर दर्शन गर्न आउने, रारा जाने र फोक्सुण्डो लगायतका उपल्लो डोल्पाका लागि आन्तरिक तथा बाह्य पर्यटक सजिलोसँग आकर्षण गर्न सकिने अनुमान गरिएको छ (कर्णाली प्रदेश सरकार , २०८०)। यसले हजारौं मानिसलाई रोजगारी दिन सक्छ।

नेपालमा श्रमको लागि विदेश जाने अवस्थामा कमी ल्याउने एक उपाय भनेको जनशक्तिको सिप विकास पनि हो। पानीको धारा बनाउने, घर बनाउने, फर्निचर बनाउने, मोटर साइकल र गाडी मर्मत गर्ने, टायल लगाउने, विद्युत जडान गर्ने, मोबाइल मर्मत गर्ने, ग्रिल तथा फलामको काम गर्ने केही यस्ता सिपहरू छन् जसको प्रायः अभाव नै हुने गर्दछ र यस्ता जनशक्तिहरू प्रायः बेरोजगार बस्दैनन्। सिप विकासको राष्ट्रिय अभियानको खाँचो छ। विद्यालय तहमा नै यस्ता सिपहरू सिकाउन सकिन्छ।

उत्पादन र रोजगारीका लागि नेपालमा बैंक ऋणको ब्याजदर भने दुई अङ्कबाट एक अङ्कमा घटाउनुपर्ने हुन्छ। दुई अङ्कको ऋण लिएर लघु, घरेलु तथा साना उद्योगहरू फस्टाउने सम्भावना अत्यन्तै न्यून रहेको छ। हालको अवस्थामा बैंकबाट ऋण लिएर उद्योग कलकारखाना खोल्ने र यसमा टिक्न अति कठिन छ। हामीकहाँ गरिबी निवारणका लागि खोलिएका लघुवित्तले समेत चर्को ब्याज असुल्ने गरेका छन्।

कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न सके पनि श्रमको लागि विदेश जानुपर्ने अवस्थामा कमी आउन सक्छ। सिँचाइको अभाव, कृषि वस्तुको अनियन्त्रित आयात, मलको अभाव, बजारमा साहुजीहरूको सिण्डिकेट, यातायातको अभाव जस्ता समस्याहरू यस क्षेत्रले भोग्नु परेको छ। यसै क्षेत्रको

हितका लागि ल्याइएको सहकारीहरू उत्पादनमा भन्दा ऋण तथा बचत जस्ता दलाली धन्दामा बढी आकर्षित भएका छन्। सहकारीका ऋण तथा बचत संस्थाहरू चर्को प्रतिशत ब्याजले जनता निमोठ्न खप्पिस छन्। यी संरचनागत समस्याहरूको समाधान हुनुपर्दछ। आन्तरिक उत्पादन तथा रोजगारीका लागि शिक्षा क्षेत्रलाई समेत पुनःसंरचना गर्नुपर्ने देखिन्छ। विद्यालयमा सिपमूलक तालिम र प्राविधिक शिक्षालाई घनीभूत रूपमा प्रवेश गराउन आवश्यक छ।

श्रमको लागि विदेश जानुपर्ने अवस्थाको अन्त्यको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय आर्थिक विकासको अवधारणा अघि सारेको छ। ७५३ वटै स्थानीय तहको लागि ४ वटा विषय क्षेत्रमा ५० वटा सूचक सहितको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याएको छ। यसले हरेक आर्थिक वर्षमा श्रमका लागि विदेश जाने जनशक्ति ५ प्रतिशतले घटाउने लक्ष्य राखेको छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७९)। एक स्थानीय तह एक उत्पादन, उत्पादनमूलक सहकारीको सङ्ख्यामा वृद्धि, महिलाको स्वामित्वमा रहेका उद्योगमा वृद्धि, परम्परागत हस्तकला उद्योगको प्रवर्द्धन, कृषि उत्पादन पकेट क्षेत्र विकास, एक घर एक रोजगार कार्यक्रम आदि सूचकहरू यसमा समावेश गरिएका छन्। यी सूचक कार्यान्वयन हुनसके जराधर तहबाट नै उत्पादन र रोजगारीका अभियान आउन सक्छन्। अर्थ मन्त्रालयले नेपालमा सहायता प्रदान गर्ने दातृ निकायलाई निश्चित वर्ष स्थानीय आर्थिक विकासमा परिचालन गर्न सक्नुपर्छ। कर्णाली प्रदेश सरकारले “शिक्षा, स्वास्थ्य र रोजगारः त्यसका लागि सुशासन र पूर्वाधार” को नारा सहित वार्षिक १० हजार रोजगारी सृजना गर्ने उद्देश्यले कर्णाली समृद्धि अभियानको खाका कोर्दैछ (कर्णाली प्रदेश सरकार, २०८०)। एक अध्ययनमा घर परिवार तहको घर जग्गा जस्ता सम्पत्ति १ प्रतिशतले वृद्धि हुँदा गरिबीको कुचक्रमा फस्ने सम्भावना ४.८ प्रतिशतले घट्ने तथ्य आएको छ। तर नेपालमा विप्रेषण आयको २ प्रतिशत मात्र पुँजी निर्माणमा उपयोग भएको छ (Byanjankar & Sakha, 2021)।

लामो समयसम्म विप्रेषणमाथिको निर्भरता हाम्रो दीर्घकालीन हितमा छैन। अबका दिनमा नेपालको राजनीति र प्रशासनमाथि यसको विकल्पको खोजीको लागि ठुलै दबाब आउनेछ। मुलुकका आर्थिक घाउहरू यति गहिरा हुन्छन् कि यी घाउको उपचार नभएसम्म राजनीतिका अन्य उपलब्धिहरू फिक्का हुन जान्छन्। शासकीय प्रणालीका विकल्पहरू धेरै हुन सक्छन् तर आर्थिक विकासको विकल्प भनेको आर्थिक सम्पन्नता मात्र हुने गर्दछ।

उत्पादन र रोजगारीका लागि शिक्षाले आधारशीलाको काम गर्दछ। यसका लागि सार्वजनिक शिक्षामा आम संरचनागत सुधारको खाँचो छ। विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (STEM) ले दक्ष जनशक्ति निर्माणमा सिधा योगदान गर्दछ। यसले मानव पुँजी निर्माण गर्नुका साथै अनुसन्धान र विकासमा जनशक्ति उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्दछ। उत्पादन र रोजगारीमा सूचना प्रविधिले

रक्तसञ्चारको काम गर्दछ र यस क्षेत्रले विज्ञान र गणितको माग गर्दछ। हाम्रो सार्वजनिक शिक्षा भने यसै क्षेत्रमा कमजोर छ। चीन, सिंगापुर, दक्षिण कोरिया र जापान आर्थिक शक्ति बन्न सक्नुमा विज्ञान र गणितमा गरेको लगानी प्रमुख कारक रहेको छ।

कतिपय देशहरूले आर्थिक कुटनीतिलाई सफलतापूर्वक कार्यान्वयन गरी आफ्ना उत्पादनको बजार खोज्न सफल भएका छन्। विदेशमा रहेका नेपाली राजदूतावासहरूले आफ्नो समय सो देशमा नेपाली उत्पादनको बजार खोज्नमा, नेपालमा विदेशी पर्यटक बढाउनमा, लगानी बढाउन र प्रविधि भित्र्याउने कार्यमा उपयोग गर्न सकेमा नेपालमा स्वरोजगार सिर्जना गर्न बल पुग्न सक्छ।

उत्पादन र रोजगारी सिर्जनाका लागि नेपालको प्रशासनिक संरचनमा आमूल परिवर्तनको खाँचो छ। नेपाललाई यतिबेला सार्वजनिक प्रशासनमा इन्जिनियरहरू, चार्टड एकाउन्टेन्टहरू, विकास अर्थशास्त्रीहरू, सूचना प्रविधिका प्रोगामरहरू, तथ्याङ्क विश्लेषकहरू, विशेषज्ञ डाक्टरहरू, कृषि विज्ञहरू बढी चाहिएको छ। काठमाण्डौमा भन्दा पनि सेवा प्रवाह गर्ने स्थानमा जनशक्ति चाहिएको छ। मालपोत, नापी, वडा कार्यालय, यातायात कार्यालय, अस्पताल, स्वास्थ्यचौकी जस्ता सेवाग्राहीको भिड लाग्ने कार्यालयमा जनशक्तिको प्रायः अभाव रहने गर्दछ भने सेवा प्रवाहमा प्रत्यक्ष भूमिका नरहने निकायमा आवश्यकता भन्दा बढी दरबन्दी रहेका छन्। दरबन्दी संरचनामा वृत्तिविकास र सेवा प्रवाहको तालमेल हुने गरी समायोजनको खाँचो छ।

## ५. निष्कर्ष

विप्रेषण आयले तत्कालको लागि नेपाली घरपरिवार र राष्ट्रिय अर्थतन्त्रलाई राहत दिए तापनि यसमाथिको निरन्तरको निर्भरता हाम्रो हितमा छैन। यसले नेपालको सामाजिक अर्थतन्त्र र समष्टिगत अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न थालेको छ। यस आयले नेपालमा आय गरिबी घटाउन सहयोग गरे पनि अर्थतन्त्रको आकार बढाई प्रति व्यक्ति आय बढाउन योगदान भने गर्न सकेको छैन। हामी १,३९९ अमेरिकी डलरको प्रतिव्यक्ति आयमा रहनु परेको छ। यस आयमाथिको निर्भरताले हामी उत्पादन नै नगरी उपभोग गर्ने आदतमा फसेका छौं। दीर्घकालीन हितको लागि हामीले यो पासोबाट मुक्त हुनुको विकल्प नै छैन। यसबाट मुक्त हुन भने सकिन्छ। तर यसका लागि उत्पादन र रोजगारीको अभियान चाल्नुका साथै स्थानीय आर्थिक विकासको कार्यान्वयन, सिप विकास, उत्पादकत्व वृद्धि, कृषिको आधुनिकीकरण, प्राविधिक शिक्षाको विकास, लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्न आवश्यक छ।

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय (२०८०)। *आर्थिक सर्वेक्षण २०७९/८०*। नेपाल सरकार।

*खनाल, गोपीकृष्ण, २०८०*

अर्थ मन्त्रालय (२०८०)। *आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य*। नेपाल सरकार।

आचार्य, झ.प्र.(२०८०)। नेपालमा आप्रवासनको स्थिति, आचारसम्मत भर्ना, सिद्धान्त र व्यवहार। *सुशासन १*(१),१०४-१११।

आर्थिक मामिला तथा योजना मन्त्रालय (२०८०)। *आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य*। कर्णाली प्रदेश सरकार।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८)। *राष्ट्रिय जनगणना, २०७८: प्रारम्भिक नतिजा*। राष्ट्रिय योजना आयोग।

ढकाल, सञ्जय (२०२२)। नेपाल रेमिट्यान्सः विप्रेषण आम्दानीमा अत्यधिक निर्भर हुँदा कसरी हुन्छ अर्थतन्त्र अस्थिर। *बीबीसी नेपाली*। Retrieved from https://www.bbc.com/nepali/news-60081583।

*नेपालको संविधान, २०७२*। कानुन किताब व्यवस्था समिति (२०७२)।

राष्ट्रिय किताबखाना (२०७९)। *२०७९ माघदेखि चैत्र महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण*। राष्ट्रिय किताबखाना।

सङ्घीयता अध्ययन केन्द्र (२०७७)। *नेपालको सङ्घीय शासन प्रणाली*। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय(२०७८)। नेपालमा वित्तीय सङ्घीयताः अवधारणा र अभ्यास. काठमाण्डौं: नेपाल सरकार ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय. (२०७९)। *स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९*। नेपाल सरकार।

ADB (2018). *Migration and remittances for development in Asia*. Asian Development Bank.

Byanjankar , R., & Sakha, M. (2021). Impact of remittacne on rural poverty in Nepal: Evidence from Cross-Secgtion Data. *NRB Working Paper*.

Central Bureau of Statistics. (2019). *Report on the Nepal Labour Force Survey 2017/18.* Government of Nepal.

IMF (2018, September). Is there a remittance trap ? *Finance and Developmen*t, 44-47. International Monetary Fund.

Khanal, G. K. (2023 May 10). Escaping the remittance trap. *The Kathmandu Post.* Retrieved from https://kathmandupost.com/columns/2023/05/09/rescuing-economy-from-remittance-trap.

Ministry of Labour, Employment and Social Security (2022). *Nepal Labour Migration Report, 2022*. Government of Nepal.

The World Bank. (2021). World Bank Natioanal Account Data. Retrieved from worldbank.org: https://data.worldbank.org/indicator/NY.GDP.MKTP.CD.